दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | |
|---|---|
| **बर्ष : ४** | **प्रमाणीकरण मिति :२०७७।५।७** |
| **संख्या : ११** | **प्रकाशन मिति :२०७७।६।१५** |

भाग : ३

## २०७७ सालको कार्यविधि संख्या : ६

## उत्पादनमा आधारित कृषि अनुदान कार्यविधि

**प्रस्तावना** : कृषि पेसालाई प्रवर्द्धन तथा प्रोत्साहन गरी उत्पादनलाई व्यवसायोकरण गर्दै वास्तविक कृषकहरु बोचमा प्रतिफलको पहच पुऱ्याउने अभिप्रायल **दमक कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन नियमावली, २०७७"** को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्न दमक नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. **प्रारम्भः** (१) यो कार्यविधिको नाम **"उत्पादनमा आधारित कृषि अनुदान कार्यविधि, २०७७"** रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

क. "**व्यवसायिक खेती**" भन्नाले नाफा कमाउने उद्देश्यबाट संचालित व्यक्तिगत/संस्थागत कृषि व्यवसायलाई सम्झनु पछ ।

ख. **"कृषिफार्म"** भन्नाले संस्था, समह, फार्म, कम्पनी वा सहकारीले कृषि व्यवसाय गर्न दर्ता गरेको फर्म सम्झनु पर्छ ।

ग. **"अनुदान"** भन्नाले व्यवसाय प्रवर्द्धन गर्न नगरपालिकाले प्रदान गरेको रकमलाइ सम्झनु पर्छ ।

घ. **"आर्थिक विकास समिति"** भन्नाले नगर कार्यपालिकाबाट कार्य विभाजन भएको आर्थिक समितिलाई सम्झनु पर्छ ।

ङ. **"जैविक उत्पादन"** भन्नाले रसायनिक मल र विषादी प्रयोग नगरी उत्पादन गरिएको वस्तु सम्झनु पर्छ ।

## परिच्छेद-२
## अनुदानको क्षेत्र

३. **अनुदानका क्षेत्र :** नगरपालिका भित्र व्यवसायिक अन्नवाली, तरकारी तथा फलफल खेती, पशुपन्छीपालन, मत्स्यपालन, मौरी पालन गर्ने संस्था, समूह, फर्म, कम्पनी, र सहकारीहरु अनुदान पाउन योग्य हुनेछन ।

४. **अनुदान रकम निर्धारण सम्बन्धी व्यवस्था :** (१) अनुदान रकम कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) अनुदानको रकम अनुदान प्राप्त गर्ने संस्था, समूह, फर्म, कम्पनी वा सहकारीको बैक खातामा जम्मा गरिनछ ।

**५.अनुदान प्राप्त गर्ने मापदण्ड** : १) अनुदानमा सामेल हुने व्यवसायीलाई हिउदे सिजनका लागि प्रत्येक वर्षको भाद्र १ - १५ गते र बर्षे सिजनका लागि प्रत्येक वर्षको माघ १- १५ गते भित्र नगरपालिकाले सूचना गर्नेछ ।

२) उपदफा (१) बमोजिमको म्याद भित्र उत्पादनमा आधारित अनुदान प्राप्त गर्न चाहने समह, फार्म वा कम्पनीले **अनुसूची १** बमोजिमको ढाचामा आवेदन पेस गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम पेस भएका आवेदन उपर आर्थिक विकास समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी राय सुझाब सहित १५ दिन भित्र कार्यपालिकामा पेस गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम पेस भएका आवेदन उपर नगर कार्यपालिकाबाट निर्णय गरी त्यस्ता समह, फार्म वा कम्पनीलाई नगरपालिकाले सूचीकृत गरी नियमित अनुगमन र निरीक्षण गर्नेछ ।

५) अनुदान उपलब्ध गराउने बस्तु, परिमाण तथा अनुदानको रकम प्रत्येक वर्ष कार्यपालिकाले तोक्नेछ ।

६) उपदफा (५) बमोजिम सूचीकृत संस्था, समूह, फर्म, कम्पनी तथा सहकारी मध्ये उपयुक्तताका आधारमा कार्यपालिकाले तोके बमोजिम अनुदान वितरण गरिनेछ ।

**६. अनुदान प्रदान गरिने कृषि व्यवसायीहरुको प्राथमिकता** : अनुदान प्रदान गरिने कृषि व्यवसायीहरुको प्राथमिकता देहाय बमोजिम हुनेछन ।

क) फार्म संचालन गरेको समयावधि,

ख) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति,

ग) युवा तथा महिला,

घ) गत आर्थिक वर्षमा सोही विषयमा सरकारी अनुदान प्राप्त नगरेको,

ङ) मानव स्वास्थ्यमा प्रतिकूल असर नपर्ने कृषि उपज उत्पादन गरेको ।

**७. अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने दायित्व** : अनुदान प्राप्त गर्न देहाय अनुसारको दायित्व परा गरेको हुनु पर्नेछ ।

क) उत्पादनको स्थितिका बारेमा नगरपालिकालाई समय समयमा जानकारी गराएको,

ख) विक्री गरेको बस्तुको बिल जारी गरेको,

ग) आथिक कारोवार बैक मार्फत गरेको,

घ) उत्पादन हुने बस्तुको परिमाण र गुणस्तरका सम्बन्धमा सम्बन्धित प्राविधिक र आर्थिक विकास समितिले निरीक्षण गरी सम्वन्धित प्राविधिकले प्रमाणित गरेको,

ङ) उत्पादन र बिक्रीको स्पष्ट अभिलेख राखेको,

च) भण्डारण गरेर मात्रै बिक्री गर्ने भए नगरपालिकाको प्राविधिक र आर्थिक विकास समितिको रोहबरमा प्रमाणोकरण गरी भण्डारण गरेको ।

## परिच्छेद-३
## उत्पादित वस्तुको गुणस्तर

**८. उत्पादित वस्तुको गुणस्तर सम्बन्धी व्यवस्था** : उत्पादित बस्तुको गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

क) अन्न, फलफल तरकारी उत्पादन जैविक हुनु पर्ने,

ख) उत्पादन गरिने क्षेत्रलाई नगरपालिकाले निरोक्षण गरी जैविक उत्पादन क्षेत्र घोषणा गर्ने,

ग) उत्पादित बस्तु जैविक रसायन मात्र प्रयोग गरिएको प्रमाणित नगरपालिकाले गर्ने,

घ) दुग्धजन्य उत्पादन बिक्री गर्दा पानी लगायत मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने केमिकल मिसावट नगरिएको,

ङ) पशुपालनका हकमा व्यवस्थित गोठ, खोर तथा चिकित्सकको सेवा उपलब्ध भएको ।

९. **कार्यक्रमको विस्तारवा स्थगन सम्बन्धी व्यवस्था** : नगरपालिकाले कार्यक्रमको उपलब्धी र प्रभावकारिता हेरेर विस्तार वा स्थगन गर्न सक्नेछ ।

१०. **सजाय** : व्यवसायीले अरुले उत्पादन गरेका वस्तुहरु देखाई अनुदान लिएको पाईएमा लिएको अनुदान फिर्ता गराई नगरपालिकाबाट कुनै पनि प्रकारको अनुदान उपलब्ध गराइने छैन ।

११. **संशोधन** : कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउ** : यो कार्यविधि लागू हुनु अघि भए गरेको कार्य यसै बमोजिमभए गरेको मानिने छ ।

# अनुसूची-१
## दफा ५ को उपदफा (२) सँग सम्बन्धित

## व्यवसायिक उत्पादनमा आधारित अनुदानका लागि दिने आवेदन

श्रीमान नगरप्रमुख ज्यू,
नगर कार्यपालिकाको कार्यालय,
दमक, प्रदेश नं. १

**विषय : उत्पादनमा आधारित अनुदान सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मरो/हाम्रो.....................................समह, फार्म वा कम्पनी दमक नगरपालिका वडा नं........ मा..........................सालदेखि व्यवसायिक रुपले संचालन हुदै आएका छ । दमक नगरपालिकाबाट मिति......... मा प्रकाशित उत्पादनमा आधारित अनुदान सम्बन्धी सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी देहायका वस्तुहरुको उत्पादनमा अनुदान प्राप्त गर्नका लागि आवेदन पेस गरेको छु/गरेका छौं ।

**१. तरकारी, फलफुल**

| क्र.स. | विवरण | क्षेत्रफल | अनुमानित परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**२. माछा, मासु, दुग्ध, अण्डा**

| क्र.स. | विवरण | संख्या | अनुमानित परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**संलग्न गर्नुपर्ने कागजातहरु**

क. समूह, फार्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि

ख. आफनो जग्गा भए धनिपूर्जा वा भाडा वा लिजमा लिएको भए बहाल सम्झौताको प्रतिलिपि,

ग. व्यवसायिक योजना

घ. नगरपालिकालाई बुझाउनु पर्ने कर सेवा शुल्क बुझाएको प्रमाण,

ङ. प्यान/ भ्याट दर्ता प्रमाण पत्र

च. समूह, फार्म, कम्पनीको निर्णय प्रतिलिपि ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**